# जोरायल गाउँपालिका
**(Jorayal Rural Municipality)**
## गाउँ कार्यपालिकाको कार्यालय
**(Office of The Rural Municipal Executive)**

रावतकट्टे, डोटी
Rawatkatte, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८०/०८१
सु. नं. ८९

(सुचना प्रकाशित मिति : २०८१।०३।३१)

**सूचना !** **सूचना !!** **सूचना !!!**

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६, को नियम (९) को उपनियम १ तथा सामाजिक सुरक्षा कार्यविधि २०७७, को दफा ४ अनुसार प्रत्यक आर्थिक बर्षको श्रावण १ गते देखि भाद्र मसान्त भित्र सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्लयमा निवेदन दिनुपर्ने व्यवस्था भएकोले यस जोरायल गाउँपालिकाको आ.व. २०८०।०८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०८१।०८२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न अनिवार्य रुपमा आ - आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई मिति ***२०८१ श्रावण १ गते देखि २०८१ भाद्र मसान्त*** सम्म अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

***सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरणका लागि आवश्यक कागजातहरु***

| क.स | सामाजिक सुरक्षा किसिम | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक अन्य / ज्येष्ठ नागरिक दलित | ✓ हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति<br>✓ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति | राष्ट्रिय परिचयपत्र नम्बर वा राष्ट्रिय परिचयपत्र आवेदन फारमको निस्सा १ प्रति र मोबाईल न अनिवार्य राख्ने । |
| २ | ज्येष्ठ नागरिक एकल महिला (६०-६७ बर्ष) र विधवा महिला | ✓ हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति<br>✓ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति<br>✓ पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति<br>✓ अर्को विवाह नगरेको सिफारिसको प्रतिलिपि १ प्रति | |
| ३ | अपांगता भएका व्यक्ति क वर्ग र ख वर्ग | ✓ हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति<br>✓ नावालिक भएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति<br>✓ अपांगता परिचयपत्रको प्रतिलिपि १ प्रति<br>✓ संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति | |
| ४ | क्षेत्र तोकिएका तथा दलित बालबालिका | ✓ हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति<br>✓ जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति | |

***नोट :*** *बालबालिका, पुर्ण अपांग वा आफै उपस्थित हुन नसक्ने ९० वर्ष माथिका लाभग्राहीको हकमा निजको परिवारका सदस्य वा संरक्षकले निवेदन दिन सक्नेछन्। सामाजिक सुरक्षा भत्ता तोकिएको समयमा नवीकरण नगराउने लाभग्राहीको नाम प्रणालीबाट स्वत: हट्ने छ। फेरि नयाँ लाभग्राहीको रुपमा निवेदन दिएपछि निवेदन दिएको अर्को महिना देखि मात्र भत्ता प्राप्त हुने व्यवस्था रहेकोले समयमै अनिवार्य रुपमा नविकरण गराउनुहुन अनुरोध छ।*

***थप जानकारीकोलागि :***
जोरायल गाउँपालिकाको सम्बन्धित वडा कार्यालय तथा सामाजिक सुरक्षा तथा पंजीकरण शाखा मो.न: ९८६४६२०३३२ मा सम्पर्क गर्न सकिनेछ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

Email: jorayalrlmp@gmail.com फोन: ९८५८४८८०३९ Website: jorayalmun.gov.np